# कालिकामाई गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड ९ संख्या १ मितिः२०८२/१२/१८

भाग-१

कालिकामाई गाउँपालिका

# कालिकामाई गाउँपालिकाको डिप बोरिंग संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यबिधी २०८२

प्रमाणिकरण मितिः२०८२/१२/१८

CamScanner

कालिकामाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हरिहरपूरविर्ता, पर्सा

कालिकामाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हरिहरपुर विर्ता, पर्सा मधेश प्रदेश, नेपाल

**कालिकामाई गाउँपालिकाको डिप बोरिंग संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२**

**प्रस्ताबना :**

नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको डिप बोरिंग जडान तथा संचालन सम्वन्धि कार्यको लागि गाउँपालिकाले उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले डिप बोरिंग संचालन र व्यवस्थापन सम्बन्धि कार्यविधि २०८२ जारी गरिएको छ ।

## परिच्छेद- १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम **कालिकामाई गाउँपालिकाको डिप बोरिङ्ग सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८२** रहेको छ।

(२) यो कार्यविधि गाउँपलिका क्षेत्र भित्र तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "आन्तरिक आय " भन्नाले नेपालको संविधान बमोजिम तोकिएको क्षेत्रमा लगाइएको कर, दस्तुर, शूल्क र प्रचलित कानून बमोजिम भएको दण्ड, जरिवाना रकम समेतलाई सम्झिनु पर्छ।

(ख) "आयोजना " भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकि निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको व्यवस्थित क्रियाकलाप सम्झिनु पर्छ।

(ग) "उपभोक्ता समिति " भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुबाट कुनै आयोजना तथा कार्यक्रम जडान तथा सञ्चालन गर्न आफूहरु मध्येबाट गठन गरेको समिति सम्झिनु पर्छ।

(घ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झिनु पर्छ।

(ङ) "कार्यक्रम " भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत आयोजनाहरुको संयोजित रुप सम्झिनु पर्छ।

Bashisht
बशिष्ठ कुमार
गाउँपालिका अध्यक्ष

CamScanner

(च) "ठूला मेशिनरी उपकरण" भन्नाले ठूला प्रकृतिका (बुलडोजर, एक्साभेटर, ब्याक हो लोडर, बोरिङ्ग मसिन आदि जस्ता) श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी उपकरण सम्झिनु पर्छ।

(छ) "गाउँ सभा" भन्नाले कालिकामाई गाउँपालिकाको गाउँ सभालाई सम्झिनु पर्छ।

(ज) "गाउँपालिका" भन्नाले कालिकामाई गाउँपालिकालाई सम्झिनु पर्छ।

(झ) "अध्यक्ष" भन्नाले कालिकामाई गाउँपालिकाको अध्यक्षलाई सम्झिनु पर्छ।

(ञ) "उपाध्यक्ष" भन्नाले कालिकामाई गाउँपालिकाको उपाध्यक्षलाई सम्झिनु पर्छ।

(ट) "वित्तीय समानिकरण" भन्नाले सघीय तथा प्रदेश सरकारबाट प्रचलित ऐन, नियम, नीति तथा निर्णय अनुसार गाउँसभाको निर्णयले खर्च गर्न सक्ने गरी प्राप्त अनुदान सम्झिनु पर्छ।

(ठ) "सशर्त अनुदान" भन्नाले संघीय वा प्रदेश सरकारले खास शर्त तोकि उपलब्ध गराएको अनुदान सम्झिनु पर्छ।

(ड) "मन्त्रालय" भन्नाले सङ्घीय तथा प्रदेश सरकारका मन्त्रालयहरु सम्झिनु पर्छ।

(ढ) "स्रोत" भन्नाले गाउँपालिकालाई उपलब्ध हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, ऋण, सापटी, विकास साझेदारबाट प्राप्त सहयोगलाई सम्झिनु पर्छ।

(ण) "वडा अध्यक्ष" भन्नाले गाउँपालिकाको वडा समितिको अध्यक्षलाई सम्झिनु पर्छ।

(त) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिमका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झिनु पर्छ।

(थ) "बोरिङ्ग" भन्नाले गाउँपालिका अन्तर्गतमा रहेका कृषि क्षेत्र विकासका लागि जडान गरिएको बोरिङ्गलाई सम्झिनु पर्छ।

(द) "निर्धारित जग्गा" भन्नाले गाउँपालिका अन्तर्गतमा रहेका कृषि उत्पादनका लागि सिचाई मूलक डिप बोरिङ्गले सिचाई गर्न सक्ने जग्गालाई सम्झिनु पर्छ।

(ध)"लाभग्राही" भन्नाले गाउँपालिकाको अध्यक्षले सम्बन्धित व्यक्तिको जग्गामा डिप बोरिङ्ग जडान गर्नको लागि सिफारिस गरेका व्यक्तिलाई सम्झिनु पर्छ।

## परिच्छेद-२

### डिप बोरिङ्ग जडान

३. गाउँपालिका अन्तर्गतमा रहेका जग्गाहरुको क्षेत्रफल निर्धारण गरी विभिन्न प्रकारका सिचाई मुलक बोरिङ्ग जडान गरिनेछ:

वशिष्ठ कुमार
गाउँपालिका अध्यक्ष

CamScanner

(१) ४ इन्च बोरको लागि

(क) जग्गाको क्षेत्रफल- १ विघा

(ख) लागत सहभागिता- ५ प्रतिशत

(ग) संरक्षणको जिम्मा- बोरिङ्ग जडान भएको जग्गा धनीको जिम्मा हुनेछ।

(२) ६ इन्च बोरको लागि

(क) जग्गाको क्षेत्रफल- ५ विघा

(ख) लागत सहभागिता- ५ प्रतिशत

(ग) संरक्षणको जिम्मा- बोरिङ्ग जडान भएको जग्गा धनीको जिम्मा हुनेछ।

(३) ८ इन्च बोरको लागि

(क) जग्गाको क्षेत्रफल- १० विघा

(ख) लागत सहभागिता- ५ प्रतिशत

(ग) संरक्षणको जिम्मा- बोरिङ्ग जडान भएको जग्गा धनीको जिम्मा हुनेछ।

(४) **कन्टिनजेन्सीः** निर्धारित बजेटको एक प्रतिशत रकम कट्टी गरी गाउँपालिकाको प्रशासनिक खर्च प्रयोजनका लागि खर्च गर्नु पर्नेछ।

(५) आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत जडान तथा सञ्चालन गर्नु पर्ने हुन्छ। त्यस्तो उपभोक्ता समितिको गठन गाउँपालिकाको अध्यक्षको अध्यक्षतामा हुनेछ। स्वीकृत बजेट अनुसार जडान हुन सक्ने डिप बोरिङ्गको लागि लाभग्राही छनौट गाउँपालिकाको अध्यक्षले गर्नु पर्ने हुन्छ। गाउँपालिकाको अध्यक्षले सिफारिस गरेको लाभग्राहीको जग्गामा प्राविधिकले डिप बोरिङ्ग जडान गर्ने कार्य गराउनु पर्ने हुन्छ।

(६) उपभोक्ता समितिलाई गाउँपालिकाबाट उपलब्ध हुने रकम छुट्टै बैङ्क खाता खोली सञ्चालन गर्नु पर्नेछ।

(७) आयोजना कार्यान्वयन गर्ने निकायले सम्झौतामा तोकिएको समय भित्र सम्पन्न गर्नु पर्नेछ। कुनै कारणवस समयमा आयोजना सम्पन्न हुन नसकेमा कार्यपालिकाको निर्णय बमोजिम प्राविधिकको सिफारिस बमोजिम म्याद थप गर्न सकिन्छ।

(८) उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक नाँपजाँच , कार्य सम्पन्न प्रतिवेदन र गाउँपालिकाको अध्यक्षको सिफारिसमा भुक्तानी दिनु पर्नेछ।

Bashism
बशिष्ठ कुमार
गाउँपालिका अध्यक्ष

(९) उपभोक्त समिति मार्फत सञ्चालन भएका आयोजनाहरुको कार्य सम्पन्न भएपछि आयोजनाको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी सम्बन्धि जग्गा धनिकै हुनेछ।

## परिच्छेद-३

### अनुगमन

**(१०) आयोजनाको अनुगमन गर्न देहाय बमोजिमको समिति रहनेछ।**

*(क) गाउँपालिका अध्यक्ष- संयोजक*

*(ख) गाउँपालिका उपाध्यक्ष- सदस्य*

*(ग) प्राविधिक शाखा प्रमुख- सदस्य*

*(घ) सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा समितिको सदस्य- सदस्य*

*(ङ) योजना शाखा प्रमुख- सदस्य सचिव*

**(११) कालिकामाई गाउँपालिका,** गाउँ कार्यपालिकाको कार्यालयको प.सं. २०८२/८३ च.न. ४१(यो) मिति २०८२/०५/०९ गतेको पत्रबाट कालिकामाई गाउँपालिका वडा नं. १ देखि ५ सम्म बोरिङ्ग जडान योजनाको कायदिश श्री  बोरिङ्ग जडान उपभोक्ता, कालिकामाई गाउपालिका, पर्सालाई दिएकोमा यसै कार्यविधिबाट कार्य भएको मानिनेछ। यस कार्यविधिमा उल्लेख भएका विधि तत्कालन नभएको खण्डमा यो कार्यविधि लागू भएपछि कार्य भएमा यसै कार्यविधि बमोजिम भएको हो भनि मानिनेछ।

**(१२) संसोधन-** अध्यक्षको मन्जुरीमा यस कार्यविधिलाई आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ।

**(१३) द्रष्टब्यः** माथि जे जस्तो लेखिएको भएता पनि बोरिङ्ग सम्बन्धि सम्पूर्ण योजना जडान तथा सञ्चालन तथा लाभग्राही छनौट र उपभोक्ता समिति गठन सम्बन्धि निर्णय तथा जिम्मेवारी गाउँपालिकाको अध्यक्षकै हुनेछ।

Bashism

बशिष्ठ कुमार
गाउँपालिका अध्यक्ष

आज्ञाले
श्री बशिष्ट कुमार
गाउँपालिका अध्यक्ष

CamScanner